अग्नीसाइर कृष्णासवरन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

सूचना। सूचना।। सूचना।।।

विज्ञापन कर सम्बन्धी ठेक्का प्रस्ताव आह्वानको सूचना

तेस्रो पटक प्रकाशित भएको मिति २०८१/१०/१४

स्थानीय सरकार संचालन ऐन, २०७४ मा विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने अधिकार दिइएको छ। मधेश प्रदेश, आर्थिक ऐन, २०८१ ले समेत विज्ञापन करको दर तोक्ने तथा उठाउने अधिकार स्थानीय तहलाई दिएको छ। उक्त कार्यका लागि अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको आर्थिक ऐन २०८१ को **अनुसूची** ६ मा उल्लेख भएका दररेटका आधारमा अग्नीसाइर कृष्णासवरन क्षेत्रमा रहेका घरका सटर, भित्ता, सवारी साधन एंव व्यवसाय स्थलमा राखिएका फुटकर विज्ञापनहरु डिजिटल डिस्पले बोर्ड, बिज्ञापन होर्डिङ्ग बोर्ड तथा विद्धुतीय प्रचार सामग्री प्रचलित कानुन तथा कार्यालयबाट तोकिएको अन्य सर्तहरु बमोजिम कर सङ्कलन कार्य, ठेक्का बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्न रीतपूर्वक १५(प्रन्ध) दिने शिलब्दीदरभाउपत्र आव्हान गरिएको छ।

योग्यता पुगेका इच्छुक फर्म वा कम्पनीले देहाय बमोजिमका सर्तहरुको अधीनमा रही तोकिएको मिति र समय भित्र शिलबन्दीदरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

## तपसिलः

| सि.नं | ठेक्का नं | न्युनतम कबोल अङ्क कर बाहेक | | | जम्मा रु | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| | | आ.व ०८१/०८२ | आ.व ०८२/०८३ | आ.व ०८३/०८४ | | |
| १ | विज्ञापन कर-०१ | ८५,०००/- | ९३,५००/- | १,०२,८५०/- | २,८१,३५०/- | १०००/- |

**सर्त तथा बन्देजहरु**

१. . ठेक्काको लागि दरभाउपत्र फारम सूचना प्रकाशित मितिले ७ औ दिन कार्यालय समय भित्र इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यस कार्यालयबाट खरिद गर्न सक्नेछ। ७ औ दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. इच्छुक व्यक्ति, फर्म वा कम्पनीले नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता, प्रमाणपत्र, आ.व ०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी दरभाउपत्र फारम खरिद गर्ने सकिनेछ।

३. तोकिएको दरभाउपत्र फारम खरिद दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरी नगदी रसिददरभाउपत्र कागजात साथ राखी पेश गर्नुपर्नेछ।

४. दरभाउपत्रदाताले आफूले कबोल गरेको अङ्कको १० प्रतिशत धरौटी रकम यस कार्यालयको माछापुच्छ्रे बैङ्कमा रहेको धरौटी खाता नं **(०८४००७३३५२८०००४१)** मा रकम जम्मा गरेको सक्कल बैक भौचर तथा सो को छायाँकपी संलग्न गरी खाम बाहिर कुन ठेक्काको लागि पेश गरेको हो सो स्पष्ट खुलाई दरभाउपत्र ७ औ दिनको १२.०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ।

५. रीतपूर्वक पेश भएका प्रस्तावहरु ७ औ दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको रोहवरमा खोलिनेछ। दरभाउपत्रदता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

६. अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको आर्थिक ऐन २०८१ मा उल्लेखित दररेट अनुसार बढाबढको माध्यमबाट ठेक्का बन्दोबस्त गरिनेछ।

७. कबोल गरेको ठेक्का रकम अङ्कमा कुनै प्रकारको परिस्थित देखाई छुट मिनाहा वा क्षतिपूर्ति दिइने छैन।

८. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै सर्त राखी पेश भएको दरभाउपत्रलाई मान्यता दिइने छैन। साथै गत विगतमा ठेकेदार कम्पनीले अग्निसाइर कृष्णासवरन गाउँपालिकालाई बुझाउने पर्ने किस्ता रकम नबुझाई बाँकी रहेकोमा वा अन्य कुनै दायित्व बाँकी रहेकोमा वा अन्य कुनै दायित्व बाँकी रहेमा निजको दरभाउपत्र स्वीकृत गर्न गाउँपालिका बाध्य हुने छैन।

प्रमुख प्रशासकीय अधिकृत

९ .ठेक्का बन्दोबस्तका लागि उल्लेखित विज्ञापन मापनको अवस्था (मापदण्ड तथा कार्यालयको सेवा सर्त सम्बन्धी सम्पूर्ण व्यवस्था) सन्दर्भमा दरभाउपत्रदाताले स्थलगत भ्रमण गरी जाँची बझी पेश गरेको मानिनेछ।

१०. कबोल रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिन सकिनेछ तर त्यस्तो छुट कार्यालबाट कायम गरिएकको न्यूनतम अङ्कको आधारमा दिन सकिनेछ। दरभाउपत्र पेश हुदाँ कुनै किसिमको सर्तनामा मान्य हुनेछैन।

११.आर्थिक वर्ष०८१/०८२ को लागि कबोल गरेको रकम कार्यालयको आन्तरिक राजस्व खाता(०८४००७३३५२८०००८१) दाखिला गर्नुपर्ने र बाँकी दुई आर्थिक वर्षको बैङक ग्यारेन्टी बुझाएपछि मात्र कार्यदेश प्रदान गरिनेछ। आर्थिक वर्ष ०८२/०८३ को हकमा २०८३ वैशाख मसान्त भित्र र आ.व ०८३/०८४ को हकमा २०८४ सालको वैशाख मसान्त भित्र कबोल रकम कार्यालयमा दाखिला गरेपछि कार्यदेश प्रदान गरिनेछ।

१२.ठेक्काको अवधि २०८४ अषाढ मसान्त सम्म रहनेछ।

१३. यस सम्बन्धी अन्य व्यवस्था सङ्घीय , प्रदेश र गाउँपालिकाको ऐन, नीति एवं निर्देशिका, मापदण्डहरु र प्रचलित कानुन बमोजिम हुनेछ।

१४. विस्तृत जानकारीको लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नसक्नुहुनेछ।

..........................

(अरविन्द कुमार चौधरी)

प्रमुख प्रशासकीय अधिकृत